**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस १९ गते शनिबार ❑ 3 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## कास्कीमा निर्वाचन केन्द्रित गतिविधि अनुशासित बनाइने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

कास्कीमा क्रियाशील राजनीतिक दलहरूबीच आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई व्यवस्थित, अनुशासित र प्रभावकारी बनाउने सम्बन्धमा शुक्रबार सर्वपक्षीय छलफल गरिएको छ।

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको अध्यक्षतामा सम्पन्न दलहरूसँगको समन्वय बैठकमा निर्वाचनमा सुरक्षा प्रबन्धलाई व्यवस्थित बनाइ भयरहित, स्वच्छ र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न/गराउन आआफ्नो क्षेत्रबाट सहयोग, समन्वय तथा सहजीकरण गर्ने विषयमा छलफल भएको सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिनुभयो।

राजनीतिक दलबाट हुने जनप्रदर्शन, आमसभालगायत कार्यक्रम आयोजना हुने स्थानसँग सम्बन्धित स्थानीय तहबाट अनुमति लिई गृह मन्त्रालयबाट प्राप्त परिपत्रबमोजिमको फारम भरी सुरक्षा व्यवस्थापनका लागि अग्रिम रूपमा जिल्ला प्रशासन कार्यालयमा लिखित जानकारी गराउने निर्णय गरिएको छ।

राजनीतिक दलहरूले जनप्रदर्शन, आमसभालगायत कार्यक्रम गर्दा आपसमा समन्वय गरी कार्यक्रमस्थल नजुध्नेगरी सञ्चालन गर्ने व्यवस्था मिलाउने उल्लेख छ। निजी क्षेत्रका व्यापारिक संस्थाहरू समेतबाट समयसमयमा ध्यानाकर्षण गराइरहेको साथै यातायात व्यवस्थापनसमेतलाई मध्यनजर गर्दै व्यापार व्यवसायलाई प्रतिकूल प्रभाव पार्न सक्नेगरी चिप्लेढुङ्गा, महेन्द्रपुललगायत मुख्य व्यापारिकस्थल तथा बजारक्षेत्रका चोक र सडक अवरुद्ध हुनेगरी कुनै पनि कार्यक्रम नगर्ने भनिएको छ।

जिल्लाभित्र आयोजना गरिने सभा समारोह, प्रदर्शन, मेला, जात्रा, महोत्सव, कन्सर्ट, सांस्कृतिक कार्यक्रम र खेलकुदलगायत अन्य कार्यक्रम स्थानीय तहको कार्यक्रम सञ्चालन अनुमति (स्वीकृति) लिएरमात्र गर्ने पूर्ववत् व्यवस्थालाई निरन्तरता दिई सुरक्षा प्रबन्ध मिलाउने भनिएको छ।

## पोखरामा पर्यटकको उपस्थिति वर्षकै उच्च, १ अर्बको कारोवार

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस



अंग्रेजी नयाँ वर्ष र २७ औं पोखरा सडक महोत्सवको अवसरमा पोखरा यस वर्ष अफसिजनमै पर्यटकले भरिएको शहर बन्न पुग्यो।

पर्यटनको सिजन अक्टुवर नोवेम्बर भन्दा ५ दिने पोखरा सडक महोत्सवमा पोखरामा धेरै पर्यटकहरु भित्रिएका छन भने उनीहरुले यस क्षेत्रमा करोडौं खर्च गरेका छन् । नियमित रुपमा पुस-माघमा पर्यटक कम हुने मौसममा पनि हो तर यसपाली पोखराका पर्यटकीय स्तरका होटल अकुपेन्सी ९० प्रतिशत पुगेको व्यवसायीहरू बताउँछन् । होटलहरू मात्र होइन, कास्कीका गाउँ-घरका होमस्टेदेखि लेखनाथ, भुजुङ, सिरुबारी र बेगनास किनारसम्म पर्यटकको भीड पुग्दा पर्यटन व्यवसायी उत्साहित बनेका छन्।

रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलका अनुसार ५ दिनको महोत्सव अवधिभर करिब ५ लाख दर्शक तथा पर्यटक पोखरा भित्रिएको अनुमान छ । टिकट प्रणाली नहुँदा ठ्याक्कै तथ्यांक निकाल्न कठिन भए पनि नयाँ वर्षको रात मात्र लेकसाइड क्षेत्रमा झण्डै दुई लाख मानिस पुगेको दाबी उनको छ । "सडक खुल्ला भएका कारण आवतजावत स्वतन्त्र थियो, भीडको प्रभाव अर्थतन्त्रमा प्रत्यक्ष देखियो," पौडेलले भने । होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीका अनुसार महोत्सव सुरु भएपछि अकुपेन्सी ७०-८० प्रतिशत रहेकामा पुस १६ गते ९० प्रतिशत पुगेको थियो । "अन्तर्राष्ट्रियभन्दा आन्तरिक र भारतीय पर्यटक बढी देखिए," सुवेदी भन्छन्, "५० प्रतिशत आन्तरिक, ३५ प्रतिशत भारतीय र १५ प्रतिशत तेस्रो मुलुकका पर्यटक पोखरा पुगे।" सुवेदीले एकैदिन करिब १० करोड रुपैयाँ बराबरको होटल, खाना-खाजाको कारोबार भएको अनुमान गरे । पोखरा क्षेत्रमा ४० हजार शैय्या क्षमता रहँदासम्म ३२ हजार बेडभरि पर्यटक पुगेको उनको दाबी छ । "होटल रुम नपाएर धेरै पर्यटक फेवाताल छेउका होमस्टे, नयाँ बजार, भुजुङ, कास्कीकोट, सराङकोट, पुम्दी भुम्दी, लेखनाथसम्म पुगे," उनले भने, "व्यवसायी कम्तिमा दुई साताका लागि ढुक्क भएका छन् ।" सडकपेटी व्यापारले पनि 'महिना भरिको आम्दानी पाँच दिनमै' महोत्सवले बृहत्तर पोखराको व्यवसायिक नाडीसम्म पैसा बगाएको अनुभव सडकपेटी व्यापारीहरू सुनाउँछन् । पान पसले सिक्लेस पटेल भन्छन्- "अन्य समयमा २०/५५ हजार महिनामा कमाउँछु, महोत्सवका पाँच दिनमै करिब ६० हजार कमाएँ।" चन्दन गुप्ताले चलाएको पानीपुरी स्टलमा पनि भीड बाक्लै रह्यो । "दैनिक १०-१५ हजारसम्म व्यापार भयो, मानौं एक-महिनाको आम्दानी पाँच दिनमै," उनले भने।

सडक व्यापारीहरूको प्रस्तुत अवस्थाले महोत्सवका पाँच दिनमा साना-ठूला व्यवसायी मिलाएर करिब एक महिनाको बराबरी एक अर्बभन्दा बढी कारोबार भएको अनुमान उद्योगी व्यापारीहरूले गर्छन्।

महोत्सवका संयोजक बशन्त गौतमले यो वर्षको भीड र सहभागिताले पोखरालाई पुनः पर्यटकको पहिलो रोजाइ बनाएको बताए। "गत वर्षभन्दा भारतीय कोटामा वृद्धि भयो, अब चिनियाँ पर्यटक फर्काउने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## ५५० घरधुरीमा भूमिगत विद्युत् सेवा सुरु, २३ किलोमिटरमध्ये ६५ प्रतिशत काम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस



पर्यटनको राजधानी पोखरामा विद्युतीय तार भूमिगत गर्ने अभियानले तीव्रता पाएको छ।

नेपाल विद्युत् प्राधिकरण अन्तर्गत पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाको हालसम्म भौतिक प्रगति करिब ६५ प्रतिशत पुगेको छ । आयोजना अन्तर्गत सेती पुलदेखि कुँडहरसम्म केही छुटपुट क्षेत्र बाहेक करिब ५५० घरधुरीमा भूमिगत तार बिछ्याएर विद्युत् सेवा सञ्चालनमा आइसकेको आयोजनाका प्रमुख इञ्जिनियर आनन्द सुवेदीले बताउनु भयो।

आगामी ६ महिना भित्र भूमिगत तार विच्छाउने काम सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्यलाई तीव्र बनाइएको उहाँले बताउनु भयो। "वर्षायाम अघि नै भूमिगत तार बिछ्याउने काम सक्ने गरी काम अघि बढाइएका छौं," उहाँले भन्नुयो, "पृथ्वीचोकदेखि लेकसाइड क्षेत्रमा हाल तीव्र गतिमा काम भइरहेको छ।" विसं २०७८ माघमा दुई वर्षे ठेक्कामा गएको आयोजनाको काम ढिलो गरी २०८० वैशाखदेखि सुरु भएको थियो । इञ्जिनियरिङ डिजाइन र उपकरण खरिदमा समय लाग्दा सुरुआती चरणमा प्रगति न्यून रहँदा ठेक्काको म्याद दुई पटक थप्नुपरेको आयोजनाले जनाएको छ । भारतीय कम्पनी टाटा प्रोजेक्ट्सले पोखरा र भरतपुरमा तार बिछ्याउन करिब ३ अर्बमा ठेक्का लिएको हो, जसअन्तर्गत पोखरामा मात्र रु एक अर्ब ६० करोड खर्च हुने अनुमान छ । डलरको मुल्य बृद्धि हुनु काम ढिला सम्पन्न हुने कारणले गर्दा लागत करिब ८ देखि १० प्रतिशत बढ्न सक्ने सुवेदीले जनाउनुभयो । हाल पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रवेशद्वारदेखि पृथ्वीचोकको सेती पुलसम्म मुख्य क्षेत्रमा तार बिछ्याएर घरघरमा विद्युत् वितरण भइसकेको छ । सिर्जनाचोकदेखि सभागृह, जिरो किलोमिटर र लेकसाइडको जरेबर क्षेत्रसम्म काम जारी छ । जिरो किलोमिटरदेखि प्रसाङसम्म करिब ७५ प्रतिशत भूमिगत तार बिछ्याउने काम सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । न्यूरोड क्षेत्रमा भने शहरका अन्य व्यस्त क्षेत्रको काम सकेपछि अन्तिम चरणमा सबै शक्ति केन्द्रित गरी काम गर्ने तयारी गरिएको छ। "व्यस्त बजार र धेरै घरधुरी भएकाले सेवा अवरुद्ध नहुने गरी काम अघि बढाउने योजना छ," इञ्जिनियर सुवेदीले बताउनु भयो।

आयोजनाअन्तर्गतविमानस्थल प्रवेश मार्गदेखि कुँडहरचोक, अमरसिंहचोक, पृथ्वीचोक हुँदै जिरो किलोमिटरसम्मको मुख्य राजमार्गसँगै सिर्जनाचोक, राष्ट्र बैंकचोक,लेकसाइड,सभागृहचोक, न्यूरोड क्षेत्रमा मुख्य र सहायक सडकसम्मै तार भूमिगत गरिनेछ । विद्युत् लाइनसँगै टेलिफोन, केबल र इन्टरनेटका तारका लागि अप्टिकल फाइबर पनि बिछ्याइँदैछ।

पोखरालाई अव्यवस्थित तार र पोलमुक्त बनाउँदै सहरी सौन्दर्य बढाउने उद्देश्यले आयोजना सञ्चालन गरिएको हो । 'होरिजेन्टल डाइरेक्सनल ड्रिलिङ' प्रविधि प्रयोग गरी सडकमा न्यून क्षति हुने गरी तार जमिनमुनि बिछ्याइँदैछ। भूमिगत प्रणाली बढी क्षमतायुक्त र भरपर्दो हुने भएकाले बढ्दो विद्युत् माग धान्न उपयुक्त हुने प्राधिकरणको दाबी छ। इन्टरनेट सेवा प्रदायक संस्थाहरूको सहकार्यमा पोखराको सौन्दर्य कुरूप बनाउने पोलभरि तारका गुजुल्टा हटाउने अभियान अन्तर्गत पहिलो चरणमा करिब २३ किलोमिटर क्षेत्रमा भूमिगत तार बिछ्याइँदैछ। यसमध्ये हालसम्म ६५ प्रतिशत काम सम्पन्न भइसकेको आयोजनाले जनाएको छ।

## बिजुलीको अत्यधिक मागपछि सबस्टेशनको 'बसबार' स्तरोन्नति स्थगित

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

पोखराको कुँडहरमा रहेको नेपाल विद्युत् प्राधिकरणको कुँडहर सबस्टेशनको बसबार स्तरोन्नति स्थगित गरिएको छ।


सो कार्यका लागि आजदेखि पुस २१ गतेसम्म दैनिक पाँच घण्टा बिजुली आपूर्ति बन्द हुने कार्यतालिका रहे पनि प्रतिकूल मौसमका कारण बिजुलीको माग बढ्न गएर फिडरहरूमा समस्या भएपछि केही दिनका लागि स्तरोन्नति स्थगित गरिएको पोखरा वितरण केन्द्रका प्रमुख जितेन्द्र यादवले जानकारी दिनुभयो।

उहाँका अनुसार पोखरामा एकदुई दिनयताको चिसो मौसमका कारण बिजुलीको माग बढेर पावर ट्रान्सफर्मरमा पनि ओभरलोड भएर समस्या आएको छ । "कुँडहरको १३२ केभी बसबारको आज बिहान स्तरोन्नति गरेपछि लाइन सञ्चालन गर्दा प्रतिकूल मौसमका कारण अत्यधिक लोड वृद्धि भएर फिडरहरूमा समस्या आयो । त्यसकारणले हाललाई सो कार्य केही दिनका लागि स्थगन गरिएको हो । मौसम अनुकूल भएपछि कार्यतालिका प्रकाशित गरी सो कार्य पुनः सुरु गर्नेछौं", केन्द्र प्रमुख यादवले भन्नुभयो । विद्युत् प्राधिकरणको पोखरा ग्रीड महाशाखाअन्तर्गतको कुँडहर सबस्टेशनमा बसबार स्तरोन्नतिका लागि बिहान ६:०० देखि ११:०० बजेसम्म चार दिनसम्म पोखराको सम्पूर्ण क्षेत्रमा बिजुली आपूर्ति बन्द हुने प्राधिकरणले जनाएको थियो।

## तीन लाख पर्यटकले गरे अन्नपूर्ण क्षेत्रको भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

सन् २०२५ दुई लाख ९९ हजार आठ सय ३१ जना विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका छन् । यो प्रसिद्ध पदयात्रास्थलको भ्रमण दक्षिण एसियाली मुलुकका एक लाख ७७ हजार ६२८ र अन्य मुलुकका एक लाख २२ हजार २०३ ले गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख रबीन कडरियाले राससलाई बताउनुभयो। सन् २०२४ मा दुई लाख ४४ हजार ४५ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिएभने सन् २०१९ मा एक लाख ८१ हजार पर्यटक भित्रिएका थिए। अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायत स्थल आन्तरिक तथा बाह्य पर्यटकका प्रमुख गन्तव्य हुन्।



# स्याङ्जामा यस वर्ष एक अर्ब ३२ करोडको सुन्तला उत्पादन

पोखरापत्र संवाददाता
स्याङजा, १८ पुस



स्याङ्जाबाट यस वर्ष रु एक अर्ब ३२ करोडभन्दा बढी मूल्यको सुन्तला उत्पादन भएको छ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यान्वयन एकाइ स्याङ्जाका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीका अनुसार स्याङ्जामा यस वर्ष कुल २३ हजार २३८ मेट्रिक टन सुन्तला उत्पादन भएको छ। यहाँ उत्पादन भएको सुन्लता थोकमा प्रतिकेजी रु ५७ का दरले बिक्री भएको छ।

गत वर्षको तुलनामा यस वर्ष रु २० करोड बढी मूल्यको सुन्तला उत्पादन भएको हो । गत वर्ष २० हजार ८४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । यस वर्ष गत वर्षको तुलनामा उत्पादकत्वसमेत बढेको छ। यस वर्ष १६.३७ टन प्रतिहेक्टर उत्पादन भएको छभने गत वर्ष १४.६६ टन प्रतिहेक्टर उत्पादन भएको थियो । स्याङ्जा जिल्लामा उत्पादन भएको कुल परिमाणको सुन्तलामध्ये ९० प्रतिशत बिक्री हुने गरेको छभने बाँकी रहेको १० प्रतिशत सुन्तला कोसेली, उपहार तथा घरघरमै खपत हुने गरेको उहाँले बताउनुभयो । यस वर्ष उत्पादन भएकामध्ये २० हजार ८८२ मेट्रिक टन बिक्री योग्य परिमाणको सुन्तला हो।

स्याङ्जामा गत वर्षको तुलनामा यस वर्ष सुन्तला बगैँचाले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ । गत वर्ष दुई हजार २५० हेक्टर क्षेत्रफलमा रहेको सुन्तला बगैँचा यस वर्ष एक सय ५० हेक्टर क्षेत्रफल वृद्धि भई दुई हजार ४०० हेक्टर पुगेको उहाँले जानकारी दिनुभयो।

गत वर्ष एक हजार ३७० हेक्टर उत्पादनशील क्षेत्रफल रहेको थियो। यस वर्ष उत्पादनशील क्षेत्रफल एक हजार ४२० हेक्टर रहेको छ। हुर्कँदो बगैँचाको क्षेत्रफलसमेत गत वर्षको तुलनामा यस वर्ष एक सय हेक्टर वृद्धि भएको छ। गत वर्ष ८८० हेक्टर रहेकामा यस वर्ष ९८० हेक्टरमा हुर्कँदो सुन्तलाको बगैँचा रहेको छ । विसं २०७३/७४ मा स्याङ्जालाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जोन कार्यान्वयन एकाइ घोषणा गरिएको थियो । आव २०७५/७६ को सुरुआतसँगै स्याङ्जालाई सुपरजोन घोषणा गरिएको थियो । सुन्तलाका क्षेत्रमा सुपरजोन घोषणा भई कार्यान्वयनमा आएसँगै जिल्लामा सुन्तला उत्पादनतर्फ किसान थप आकर्षित भएर लागेका छन् । स्याङ्जामा सुन्तला व्यवसायलाई मुख्य आम्दानीको स्रोतका रूपमा विकास गर्ने पद्धतिको विकास हुँदै गएको छ । जिल्लाका विभिन्न भागमा निर्वाहमुखी र घरायसी प्रयोजनका लागि गरिँदै आएको सुन्तलाखेतीलाई विस्तार गरी व्यवसायीकरण गर्न थालिएको छ। सुन्तलाखेतीलाई प्रमुख आम्दानीको स्रोतका रूपमा विकास गर्नेतर्फ सुन्तला किसानको लहर बढ्दै गएको छ।

पाखो, भिरालो जमिन तथा बारीमा अन्य रुख बुट्यानलाई फडानी गरी सुन्तला बगैँचा निर्माण गर्ने र अन्य खाद्यान्न उत्पादन हुने जमिनलाई सदुपयोग गरी सुन्तलाका बोट लगाउनेतर्फ अहिले किसान आकर्षित हुँदै गएका छन्।

जिल्लाको पुतलीबजार, वालिङ, भिरकोट, गल्याङ नगरपालिकासहित आँधीखोला, फेदीखोला, विरुवा, अर्जुनचौपारी गाउँपालिका सुन्तला उत्पादनको मुख्य पकेट क्षेत्र हुन् । यहाँका सुन्तला काठमाडौँ, बुटवल, पोखरा, नारायणगढलगायत ठूला सहरमा पुग्ने गरेका छन् । स्याङ्जामा उत्पादन भएको सुन्तला खरिद गर्न सिधै व्यापारी बगैँचामा पुग्ने गरेका छन्।

# कांग्रेस महाधिवेशन आगामी वैशाख २८ मा गर्ने प्रस्ताव पारित, महामन्त्रीलगायतको असहमति

रासस
काठमाडौं, १८ पुस

नेपाली कांग्रेसले पार्टीको १५औँ महाधिवेशन आगामी वैशाख २८ देखि ३१ गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको छ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको आज बसेको बैठकले १५औँ महाधिवेशनसम्बन्धी उक्त प्रस्ताव पारित गरेको पार्टी प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिनुभयो । उहाँका अनुसार हाल निर्धारित यही पुस २६ देखि २८ गतेसम्मको महाधिवेशनको तालिका समय अभावका कारण आगामी वैशाख २८ देखि ३१ गतेका लागि सारिएको हो।

पुसमा प्रस्तावित महाधिवेशन त्यही मितिमा गर्न सम्भव नभएकाले हाल संशोधित कार्यतालिका केन्द्रीय सम्पादन समितिले पारित गरेको प्रवक्ता महतले बताउनुभयो। संशोधित कार्यतालिकाअनुसार गाउँ/नगर वडा अधिवेशन आगामी चैत २१ गते, गाउँ/नगरपालिका अधिवेशन चैत २५ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन चैत २८ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन (एकमात्र प्रदेशसभा निर्वाचन क्षेत्र भएको जिल्लामा) विसं २०८३ वैशाख २ गते, दुई वा दुईभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा वैशाख ५ गते, प्रदेश अधिवेशन वैशाख १० देखि १२ गते र केन्द्रीय महाधिवेशन वैशाख २८ देखि ३१ गते गर्ने निर्णय गरिएको छ।

उहाँले गत मङ्सिर १५ गते केन्द्रीय कार्यसमितिले महाधिवेशनसम्बन्धी निर्णय गरेपछि विशेष महाधिवेशनको औचित्य समाप्त भइसकेको तर्क गर्नुभयो । "अब हामी १५औँ नियमित अधिवेशनमा प्रवेश गरिसकेका छौँ", प्रवक्ता महतले भन्नुभयो । आगामी फागुन २१ गतेको आमनिर्वाचनको कारणले २०८३ वैशाखभन्दा अघि महाधिवेशन गर्न नसकिने उहाँको भनाइ थियो । उक्त निर्णयका सम्बन्धमा महामन्त्री गगनकुमार थापाले भने आफ्नो पक्षहरूको फरक मत रहेको बताउनुभयो। त्यो फरक मतको बाबजुद पनि केन्द्रीय कार्यसमितिको कार्यसम्पादन समितिको बहुमतले सो निर्णयलाई पारित गरेको थियो। सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले आफूलगायत चार-पाँच जना साथीहरूको त्यसमा फरक मत रहेको जानकारी गराउनुभयो । साथै महामन्त्री थापाले यसअघि असोज २९ गते कांग्रेस केन्द्रीय कार्यालयमा दर्ता भएको विशेष महाधिवेशनसम्बन्धी प्रस्ताव विधानतः लागू गर्न यही पुसभित्र १५औँ महाधिवेशन गरिसक्नुपर्ने बताउनुभयो।

"पार्टीको विधानको धारा १७ को (२) ले प्रष्टसँग के भन्छ भने केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन गरेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउन सक्नेछ", महामन्त्री थापाले भन्नुभयो, "केन्द्रीय समितिको पदावधि थप्ने तर विशेष महाधिवेशन नगर्ने भन्ने अथवा विशेष गर्ने भन्ने प्रस्ताव नआएको हुनाले विशेष महाधिवेशन गर्ने प्रस्ताव अनिवार्य रूपमा आउनुपर्छ। यही पुस मसान्तभित्र विशेष महाधिवेशन गर्नैपर्छ विधानको यो धाराअनुसार गर्नुपर्छ भन्ने फरकमत हामीले दर्ज गराएका छौँ।"

महामन्त्री थापाले अझै एकदुई दिन समय रहेको र आफूहरूले केन्द्रीय समितिबाट विशेष महाधिवेशन बोलाउनका लागि अपेक्षा गरेको र जिम्मेवार नेताले विधानको पालना नगरेको अवस्थामा विधानको पालना गराउन महामन्त्रीको हैसियतमा आफूहरूले टुलुटुलु हेरेर बस्न नमिल्ने धारणा व्यक्त गर्नुभयो । आफ्नो विधानले दिएको अधिकारको प्रयोग गरेर विशेष महाधिवेशन बोलाउने उहाँको भनाइ थियो।



पोखरा-मुग्लिन सडक कालोपत्र गरिँदै : पृथ्वी राजमार्गको पोखरा-मुग्लिन सडक विस्तार आयोजना अन्तर्गत पश्चिम खण्डमा पर्ने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अगाडि शुक्रबार सडक कालोपत्रे गरिँदै। तनहुँको जामुनदेखि पोखराको सेती पुलसम्मको पश्चिम खण्डमा हालसम्म ७० प्रतिशत हाराहारीमा काम सकिएको छ। तस्बिरः कृष्ण दवाडी/रासस

# सिक्लेसमा पर्यटन सूचना केन्द्र

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस

कास्कीको मादी गाउँपालिका-१ स्थित पर्यटकीय गाउँ सिक्लेसमा सूचना केन्द्र सञ्चालनमा आएको छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को सहयोग एवम् वडा कार्यालय र स्थानीय पर्यटन व्यवसायीको समन्वयमा केन्द्र सञ्चालनमा ल्याइएको हो।

अङ्ग्रेजी नयाँ वर्ष २०२६ को आगमनको अवसर पारी बिहिबारदेखि केन्द्र सञ्चालनमा आएको मादी गाउँपालिका-१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार केन्द्रमार्फत यहाँ आउने पर्यटकलाई उक्त क्षेत्रको पर्यटकीय जानकारीसँगै यहाँस्थित होटेल तथा (होमेस्टे) घरबासलगायत विषयमा जानकारी प्रदान गरिने छ। केन्द्रमा एक्यापबाट एक र स्थानीय एकजना कर्मचारी व्यवस्थापन गरिने छ । केन्द्र सञ्चालनसँगै सिक्लेस आउने आन्तरिक तथा बाह्य पर्यटकको यकिन तथ्याङ्क राखिने वडाध्यक्ष गुरुङले बताउनुभयो । वरिपरिबाट जङ्गलले घेरिएको बस्ती,




ढुङ्गाले छापिएका बाटा र ठाउँठाउँमा राखिएका गुरुङ समुदायका धार्मिक आस्थाका पवित्र कोइबोले सजिएको छ। यो गाउँ प्राकृतिक सुन्दरतासँगै गुरुङ संस्कृति, परम्परा र इतिहासका कारण प्रसिद्ध छ। सिक्लेस नेपालको शान्ति प्रक्रियाको उद्गमस्थलका रूपमा समेत परिचित छ। पोखराको काहुँखोलादेखि ३७ किलोमिटर दूरी र समुद्री सतहबाट करिब एक हजार ९५० मिटरको उचाइमा रहेको सिक्लेसबाट गुरुङ सम्पदा पदमार्गअन्तर्गत कफुचे, कोरी, क्होलासौँथर, दूधपोखरीलगायत गन्तव्यमा पदयात्रामार्फत जान सकिन्छ।

## पोखरामा...

रणनीति चाहिन्छ," उनले भने, "अब महोत्सवलाई अन्तर्राष्ट्रिय ब्रान्डिङ आवश्यक छ, जसका लागि हामी तयारीमा छौँ।" यो महोत्सवलाई राष्ट्रिय हुदै अब अन्तराष्ट्रिय स्तकै रुपमा स्थापित गर्न तर्फ आफुहरु केन्द्रित हुने उनले जनाए । लेकसाइडको फेवातालमा राति अबेरसम्म सांगीतिक प्रस्तुति, आतिसबाजी, सांस्कृतिक झाँकी र स्थानीय परिकारका कारण झनझन चम्कियो । रेवान पोखराका महासचिव विरेन्द्र शेरचन भन्छन् –"सीसी क्यामेरा, प्रहरी, सशस्त्र, ट्राफिक र स्वयम्सेवक – सबै परिचालन गरियो, सुरक्षा प्राथमिकतामा थियो।" पुस र माघलाई अफसिजन मानिँदै आए पनि यो वर्षको भीड र चहलपहलले पोखराको अर्थतन्त्र पुनः चलायमान भएको व्यवसायीहरूको भनाइ छ । "पर्यटकले खर्च गरेको वाहन, आवास, परिकार, मनोरञ्जन र खरीद शक्ति जोड्दा पोखराको अफसिजन अर्थतन्त्रलाई नयाँ ऊर्जा मिलेको छ," उद्योगीहरू टिप्पणी गर्छन्।

सडक महोत्सवको क्षेत्र विस्तारको लागि समेत आवाज उठ्न थालेको छ। लेकसाइडमा मात्र केन्द्रित नगरी उक्त महोत्सवको क्षेत्र विस्तार गर्न स्थानिय पोखरेलीले माग गरेका छन्।

# जन प्रकाशमा परिवार नियोजनको अभियान

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस

नेपाल परिवार नियोजन संघ कास्की शाखाले यौन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान जारी राखेको छ।

२४ वटा विद्यालय तथा कलेजमा अभियान संचालन गर्ने लक्ष्य सहित सुरु गरिएको अभियान १२ वटा विद्यालय तथा क्याम्पसमा पुगेको सभापति नवीन सिग्देलले जानकारी दिनुभयो। पछिल्लो समय पोखरा महानगरपालिका वडा नं २९ भण्डारढिक स्थित जन प्रकाश मा.विमा अभियान संचालन गरिएको छ। कार्यक्रम शुभारम्भ गर्दै पोखरा महानगरपालिका वडा नं २९ का वडा अध्यक्ष श्रीप्रसाद गुरुङले अभियानले स्वास्थ्य र शिक्षा दुवै विषय समेटेको उल्लेख गर्नुभयो । कार्यक्रममा जन प्रकाश माविका प्रधानाध्यापक शेखरनाथ शर्माले संघले विद्यालयमा अभियान संचालन गरेकोमा खुशी व्यक्त गर्नुभयो । कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका कोषाध्यक्ष विष्णु प्रसाद दाहाल, बरिष्ठ शाखा प्रवन्धक नव राज तिवारी र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो। नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम बरिष्ठ शाखा प्रवन्धक नव राज तिवारीले संचालन गर्नुभएको थियो।


## विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं।

◆ विज्ञापन कारोवार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं।
◆ विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
◆ विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन वोर्डमा उजुरी गरौं।
◆ विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीचा द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताको आधारमा कारोवार गरौं।
◆ संचारमाध्यमवाट जारी बीजकुको आधारमा एजेन्सीको शुल्क खुलेको विलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं।
◆ सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।

विज्ञापन व्यवसायलाई मर्यादीत तथा पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सादर निमन्त्रणा

यस ज्येष्ठ नागरिक सरोकार समाज, नेपालको १३ औं **वार्षिक साधारण सभा तथा चौथो अधिवेशन, ज्येष्ठ नागरिक आवाज अंक १२ विमोचन एवम् ज्येष्ठ नागरिक सम्मान** कार्यक्रम निम्न मिति, समय र स्थानमा हुन गइरहेको हुदाँ उक्त कार्यक्रममा यस समाजका सम्पूर्ण सदस्यज्यूहरु लगायत शुभेच्छुक माहानुभावहरुलाई उपस्थितिको लागि सादन निमन्त्रणा गर्दछौं।

**कार्यक्रमः**
**मितिः** २०८२ पौष १९ गते, शनिबार
**समयः** बिहान ११: ०० बजे
**स्थानः** शान्ति आश्रम बहुउद्देश्यीय भवन
पोखरा-९, शान्तिवन

भक्तराज श्रेष्ठ
अध्यक्ष
ज्येष्ठ नागरिक सरोकार समाज, नेपाल
पोखरा-९, शान्तिआश्रम, शान्तिवन, कास्की

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# आलोपालो दिवा खाजा बनाउँछन् भाग्योदयका अभिभावक

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १८ पुस

स्याङ्जाको भीरकोट नगरपालिका-६ उजेलीडाँडामा रहेको भाग्योदय माध्यमिक विद्यालयका अभिभावकले विद्यालयमै उपस्थित भएर दिवा खाजा बनाउने गरेका छन् ।

नेपाल सरकारले बाल सिकाइदेखि कक्षा ६ सम्मका विद्यार्थीलाई निःशुल्क दिवा खाजा उपलब्ध गराएकाले अभिभावकले आलोपालो विद्यालयमा उपस्थित भएर खाजा बनाएर खुवाउने गरेका हुन् । विद्यालयमा बाल विकासदेखि कक्षा ६ सम्मका बालबालिकालाई दिवा खाजा पकाउनका लागि छुट्टै चमेना गृह सञ्चालन गरिएको विद्यालयका प्रधानाध्यापक रेशम खनालले बताउनुभयो । "बाल विकासदेखि कक्षा ६ सम्म अध्ययन गर्ने विद्यार्थीलाई छ बार छ प्रकारका खाना बनाउनका लागि विद्यालयले एकजना भान्से नियुक्त गरेको छ", उहाँले भन्नुभयो, "एक जना भान्सेले मात्रै सबै विद्यार्थीलाई खाना बनाएर



खुवाउन अप्ठ्यारो हुने भएकाले अभिभावकहरुले सहयोग गर्दै आउनुभएको छ ।"

विद्यालयले दिवा खाजाको व्यवस्थापनका लागि अभिभावकको भेला राखेर प्रत्येक दिन तीन जना अभिभावक विद्यालयमा उपस्थित भएर दिवा खाना, खाजा बनाउने निर्णय गरेसँगै अभिभावक नियमित आउने गर्नुभएको उहाँले बताउनुभयो । विद्यालयले अभिभावकको नामावली सहितको तालिका बनाएर दिवा खाजा बनाउन अभिभावकलाई जानकारी गराउँदै आएको छ ।

बाल विकासदेखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकालाई प्राप्त भएको दिवा खाजाबापतको रकमले खाजा खुवाउन पनि अपुग हुने भएकाले विद्यालयले आन्तरिक व्यवस्थापन गरी अघाउन्जेल खाना, खाजा खुवाउने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छायाराम खनालले बताउनुभयो । "आइतबारदेखि शुक्रबारसम्म बालबालिकालाई बारअनुसार फरक फरक खाना, खाजाका परिकार बनाएर खुवाउँछौं," उहाँले भन्नुभयो, "अभिभावकहरुले आलोपालो विद्यालयमा उपस्थित भएर खाना, खाजा बनाएर सहयोग त गर्नुभएकै छ, त्यसको अलावा मासिक रुपमा रु २०० पनि खाजाबापतको रकम भुक्तानी दिनुहुन्छ ।"

नमूना विद्यालयका रुपमा रहेको यस विद्यालयले विद्यालय परिसरमै पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत च्याउ, विभिन्न तरकारी र ड्रागन फ्रुटसमेत लगाएको छ । बाल विकासदेखि कक्षा ६ सम्म दैनिक १८५ बालबालिकाले खाना, खाजा खाने गरेका भान्से सरिता रेग्मीले बताउनुभयो । "कुन बार कुन परिकार बनाउने भन्ने तालिका छ सोही अनुसार छुट्टाछुट्टै बार छुट्टाछुट्टै परिकार पकाउने गर्छौं", उहाँले भन्नुभयो, "धेरै जना विद्यार्थी हुँदा खाना बनाउन, खुवाउन समस्या हुने गरेकाले दैनिक तीन/तीन जना आलोपालो गरेर अभिभावक आएर खाजा बनाउने खुवाउने गर्छौं ।" सो विद्यालयमा बाल विकासदेखि कक्षा १२ सम्म पढाइ हुने गरेको छ । कक्षा ७ देखि १२ सम्मका विद्यार्थीका लागि खाजाका लागि विद्यालय परिसरमै छुट्टै चमेना गृहको व्यवस्था रहेको छ ।

# प्रेक्षालयसहित वडा कार्यालय भवन निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ पुस

म्याग्दीको धौलागिरि गाउँपालिका-४ मुदीमा वडा कार्यालय भवन निर्माण भएको छ ।

धौलागिरि गाउँपालिकाले दुईतले सभाहलसहितको अपाङ्गमैत्री भवन निर्माण गरेको हो । भवन निर्माणका लागि गत २०८१ चैत महिनामा मालिका भगवती कन्ट्रक्सनले रु ८४ लाख ९६ हजारमा ठेक्का सम्झौता गरेको थियो ।

बिहीबार भवन हस्तान्तरण भएको वडाध्यक्ष यामबहादुर घर्तीले बताउनुभयो । वडा भवन बनाउन मुदीका पूर्वप्रधानपञ्च गङ्गलाल घर्तीले दुई रोपनी १६ आना र रेशमबहादुर घर्तीले तीन आना जग्गा दान गर्नुभएको थियो ।

गाउँपालिकाले यसअघि मुदीमा २०८१ मा रु ८९ लाखको लागतमा दुईतले सातकोठे स्वास्थ्य चौकीको भवन निर्माण गरेको थियो ।

# भुरुङ्दीखोलामा पुल निर्माणको अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पर्वत, १८ पुस

भुरुङ्दीखोलामा निर्माणाधीन मोटरेबल पुल निर्माणको अन्तिम चरणमा पुगेको छ ।

मोदी गाउँपालिका- १ भुकताङ्ले र कास्कीको अन्नपूर्ण गाउँपालिका-८ रामदुवाली जोड्ने यो पुलको निर्माण कार्य अहिले अन्तिम चरणमा पुगेको सडक डिभिजन कार्यालयले जनाएको छ । पुलको दुवैतर्फको पिल्लर, स्लाब ढलानलगायत सबै काम पूरा भएको छ । आगामी एक महिनामा सम्पूर्ण काम पूरा हुने पोखरास्थित सडक डिभिजन कार्यालयका इन्जिनियर ध्रुव पोखरेलले बताउनुभयो । पुल निर्माणका लागि रु छ करोड १३ लाखमा ठेक्का सम्झौता भएको थियो ।

# हिमाल हेर्न बेलढुंगामा पर्यटक

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ पुस

एक दशकअघि सम्म गुमनाम रहेको बेलढुङ्गा अहिले पर्यटकीय गन्तव्यका रुपमा परिचित भइसकेको छ ।

प्राकृतिक दृश्यावलोकन स्तम्भका रुपमा चिनिएको बागलुङ र म्याग्दीको सिमानामा रहेको बेलढुङ्गामा पुग्ने पर्यटकको रोजाइ आँखै अघिको हिमाल पर्न जान्छ । पहिचान, प्रचार र प्रवर्द्धनसहित स्थानीय जागरुक बनेर बेलढुङ्गाले चर्चा बटुल्न थालेपछि त्यहाँ पुग्ने आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । बागलुङको काठेखोला गाउँपालिका-३ धम्जा ओखले र म्याग्दीको बेनी नगरपालिका-३ भकिम्ली सिमानामा अवस्थित बेलढुङ्गामा पुग्ने पर्यटकको रोजाइमा हिमाल पर्ने गरेको छ ।

बेलढुङ्गाबाट सम्मुखमै दर्जनौं हिमालको सुन्दर दृश्यले त्यहाँ पुग्ने पर्यटकलाई मोहित बनाउने गरेको छ । बेलको जस्तै आकृतिमा रहेको अग्लो ढुङ्गालाई परम्पराकालदेखि बेलढुङ्गा भनिँदै आएको थियो । उक्त स्थानमा अहिले रेलिङ सहितको फराकिलो पूर्वाधार निर्माण भएको थियो । नाम सुन्दै आएको मैले आँखैअघि बेलढुङ्गाबाट हिमाल हेर्न पाउँदा मोहित भएको बागलुङ-९ तित्याङका लालबहादुर थापाले जानकारी दिनुभयो । बेलढुङ्गाबाट आँखै अगाडि देखिने दर्जन बढी हिमशृङ्खला, हराभरा वनजङ्गलको



मनोरम दृश्य यसको प्रमुख आकर्षणको केन्द्र रहेको थापाको भनाइ छ ।

समुद्री सतहदेखि दुई हजार ६१४ मिटरको उचाइमा रहेको बेलढुङ्गा आफैँमा मनोरम प्राकृतिक सुन्दरताले भरिपूर्ण ठाउँ रहेको उहाँको भनाइ रहेको छ । यहाँबाट नेपालमै एकै पटक धेरै हिमाल देखिने मध्यको ठाउँमा पर्ने स्थानीय गोपाल श्रीसको भनाइ छ । श्रीसका अनुसार रुकुमको पुथा हिमालदेखि धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लुदेखि रसुवाको लाङटाङसम्मको हिमाल देख्न सकिने श्रीसको भनाइ छ । बेलढुङ्गाको केही तल देउरालीसम्म मोटरबाटोको पहुँच पुगेको छ । देउराली धुरीबाटबाट झन्डै एक किलोमिटर पदमार्गमार्फत करिब १० मिनेटको यात्रामा बेलढुङ्गा पुगिन्छ । "एकै पटकमा दर्जन हिमाल आँखैअघि देख्ने नेपालका कम स्थानमध्ये बेलढुङ्गा हो, अहिले यहाँ पूर्वाधारले गति लिएको छ, देउरालीमा सडक पुगेको छभने खानेपानी ल्याउने प्रयास थालिएको छ", श्रीसले भन्नुभयो, "बेलढुङ्गा घरबासमा बसेका पर्यटक बिहान हिमाल हेर्न बेलढुङ्गा पुग्ने गर्दछन्, चैत वैशाखमा त लागीगुराँसले ढकमक्क हुन्छ बेलढुङ्गा गाउँ ।"

बेलढुङ्गाभन्दा केही तल म्याग्दीको धार्मिक पर्यटकीय स्थल स्वर्गाश्रमसमेत रहेको छ । धार्मिक आस्थाका कारण स्वर्गाश्रम पुग्ने संख्या पनि अधिक छ ।

गण्डकी प्रदेश सरकारले बेलढुङ्गा हुँदै पञ्चकोट जोड्ने पदमार्ग निर्माणका लागिसमेत लगानी गरिरहेको छ । काठेखोला गाउँपालिका र गण्डकी प्रदेश सरकारले बेलढुङ्गा पुग्ने पदमार्ग सहितका अन्य पूर्वाधार निर्माणमा रु ४० लाख लगानी भइसकेको छ भने चालु आर्थिक वर्षमा रु १० लाख बजेट साइकलल्यान्ड बनाउन र कान्छो धौलागिरिको प्रचार गर्न विनियोजन गरिएको छ ।

# पदमार्गले जोडिए व्यास र बन्दीपुरका घरबास

**पोखरापत्र संवाददाता**
तनहुँ, १८ पुस

पदमार्गले तनहुँका दुई पालिकाका घरबास (होमस्टे) जोडिएका छन् । अधिक घरबास भएका जिल्लाका व्यास नगरपालिका र बन्दीपुर गाउँपालिकाका घरबासलाई पदमार्गले जोडिएका हुन् ।

जिल्लाका यी दुई पालिकामा अधिक घरबास रहेका छन् । पदमार्गले घरबासलाई एकापसमा जोड्नाका साथै आन्तरिक तथा बाह्य पर्यटकको बसाइ लम्ब्याउन सहयोग पुऱ्याउने उद्देश्यले पदमार्गको नक्साङ्कन तयार पारिएको छ । पृथ्वी राजमार्गअन्तर्गत पुरानो बजार डुम्रेबाट आठ किलोमिटर दूरीमा पहाडकी रानी उपमाले परिचित बन्दीपुर पर्दछ । यहाँ पुगेपछि घरबासमा बस्न रुचाउने पर्यटकका लागि पदमार्गले जोडेर सहज बनाउने तयारीका साथ पदमार्गको नक्साङ्कन गरी प्रवर्द्धनको अन्तिम चरणमा रहेको सम्पदा नेपालका अध्यक्ष एवम् पर्यटनविद् हरिसिं गुरुङले जानकारी दिनुभयो ।

यात्रा तनहुँको हालको वा अघिल्लो जिल्ला सदरमुकाम (दमौली वा बन्दीपुर) बाट सुरु हुने उहाँले बताउनुभयो । समुद्री सतहबाट करिब ५०० देखि एक हजार २०० मिटर उचाइसम्मको फरकमा घरबासलाई पदमार्गले समेटिएको गुरुङले बताउनुभयो । "हालका लागि व्यास नगरपालिका र बन्दीपुर गाउँपालिकाका होमस्टेलाई जोड्ने गरी पदमार्गको




नक्साङ्कन भएको छ", उहाँले भन्नुभयो, "विभिन्न स्थानमा नक्सा टाँसेर प्रचारप्रसार गर्ने तयारीमा छौं ।" पदमार्गमार्फत ७५ किलोमिटरको दूरीभित्रका १४ होमस्टेको अनुभव लिन सकिने गरी पदमार्ग तयार भएको अध्यक्ष गुरुङले बताउनुभयो । "उक्त दूरीभित्र सर्किटमा परेका ग्रामीण बस्तीलाई मूर्त र अमूर्त सांस्कृतिक सम्पदाले भरिपूर्ण हुने गरी जीवन्त सांस्कृतिक सङ्ग्रहालयका रुपमा विकास गर्ने लक्ष्य लिइएको छ", उहाँले भन्नुभयो, "यस पदमार्गमा पर्ने होमस्टे गाउँलाई जीवन्त सांस्कृतिक सङ्ग्रहालय नै बनाउन प्रोत्साहन गर्नेछौं ।" करिब ७५ किलोमिटर दूरीभित्रका होमस्टेलाई जोड्ने नेपालको पहिलो होमस्टे सर्किट देशको बीच भागमा बनाउने तयारी भएको उहाँको भनाइ छ । गुरुङले भन्नुभयो, "सर्किटका मुख्य आकर्षणका रुपमा १४ होमस्टेको अनुभव लिन सकिनेछ, यहाँबाट देखिन धौलागिरि, अन्नपूर्ण, लाङटाङ लगायतका हिमशृङ्खलाको दृश्यावलोकन गर्न सकिनेछ ।" यसका साथै स्थानीय मेला र चाडपर्वका साथै कृषि गतिविधिमा भाग लिने अवसर प्राप्त गर्न सकिने र अधिकांश समुदायका परम्परागत कृषि गाउँमा पुग्न सकिनेछ । स्थानीयको जीवनयापन, अनुभवको मैत्रीपूर्ण अन्तरक्रिया गर्न मद्दत पुग्नेछ । ग्रामीण क्षेत्रवासीको न्यानो आतिथ्यता, जैविक रुपमा उत्पादित खाना, पेयपदार्थ र सांस्कृतिक कार्यक्रमको साथ विशिष्ट नेपाली पहाडी झुपडी तथा कटेजमा होमस्टेको अनुभूति गर्न पाइनेछ ।

ग्रामीण बस्तीको अन्वेषण र सुन्तला, स्थानीय मौसमी फलफूल तथा वनका उत्पादन टिपेर आनन्द लिन सकिनेछ । यस पदमार्गको माध्यमबाट नेपाली ग्रामीण जीवनलाई नजिकबाट चिन्न र अनुभव गर्न सकिनेछ । रिजल्यान्ड पदयात्रा र माउन्टेन बाइकिङको पनि प्रवर्द्धन गर्न सकिने गुरुङको भनाइ छ । चौध घरबासमा पुग्नका लागि यात्रा तनहुँको हालको वा अघिल्लो जिल्ला सदरमुकाम (दमौली वा बन्दीपुर) बाट सुरु सकिनेछ ।

यस पदमार्गमा मगर, गुरुङ, नेवार, क्षेत्री, ब्राह्मण, भुजेल, तामाङ र दलित समुदायको बासोबास रहेकाले यी समुदायका जीवनशैली, संस्कार, संस्कृतिको अनुभव गर्न सकिनेछ । रामकोट सामुदायिक घरबास, कुलुङ सामुदायिक घरबास, केशवटार सामुदायिक घरबास, रुम्सी सामुदायिक घरबास, धारापानी सामुदायिक घरबास, कमलबारी सामुदायिक घरबास, डाँडाछाप सामुदायिक घरबास, कोरिखा सामुदायिक घरबास, विमलनगर सामुदायिक घरबास, मोहरिया, बन्दीपुर, पाहुना, तीनधारा र विन्दवासिनी लगायतका घरबासलाई समेटिएको छ । बन्दीपुर, पाहुना र विन्दवासिनी सामुदायिक घरबासमा एकै साथ १५० जनासम्म राख्न सकिने जनाइएको छ । यस होमस्टे सर्किटमा झारगाउँ, कन्यादेवी मन्दिर, मणिमुकुन्देश्वरी मन्दिर, बन्दीपुर बजार लगायतका धार्मिक तथा सांस्कृतिक र पर्यटकीय ग्रामीण बस्तीको अनुभव लिन सकिनेछ ।

# 'पर्यटन क्षेत्रको विकासका लागि भरतपुर-लुम्बिनी-पोखरालाई जोड्न जरुरी'

**रासस**
भरतपुर, १८ पुस

सरोकारवालाले तीन पर्यटकीय गन्तव्य भरतपुर-लुम्बिनी-पोखरालाई जोडेर पर्यटन विकास गर्नुपर्नेमा जोड दिनुभएको छ ।

शुक्रबार यहाँ सुनौलो नेपालले आयोजना गरेको 'भरतपुरको पर्यटन' विषयक समूहगत छलफलका क्रममा सहभागीहरूले तीनवटा पर्यटकीय गन्तव्यलाई जोडेर 'गोल्डेन ट्रायङ्गल'का रूपमा विकास गर्न सकिने सुझाव दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले भरतपुरमा पर्यटनको ठूलो सम्भावना भएको उल्लेख गर्दै पर्याप्त रूपमा यसको उपयोग गर्न नसकिएको बताउनुभयो । उहाँले भारतमा गत वर्ष आयोजना भएको महाकुम्भको उदाहरण दिनुहुँदै नारायणी, देवघाटजस्ता क्षेत्रमा पनि सो प्रकारका पर्यटक ल्याउन सकिनेमा जोड दिनुभयो । "हामीले उपलब्ध स्रोतसाधनको पनि उपयोग गर्न सकेका छैनौं, सुनको कचौरामा मागिरहेका छौं", उहाँले भन्नुभयो ।

कुनै पनि व्यवसायीले पर्यटनमा लगानी गर्दा त्यो व्यक्तिको मात्र नभई समग्र समुदायका लागि हुने भएकाले सोअनुसारको मानसिकता विकास गर्न जरुरी भएको उहाँको भनाइ थियो । पर्यटनले प्रत्यक्षभन्दा बढी अप्रत्यक्ष रूपमा रोजगारी सृजना गर्नेदेखि समग्र अर्थतन्त्र चलायमान बनाउनका लागि सहयोग गर्ने बताउनुभयो ।

त्यस अवसरमा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोज ज्ञवालीले भरतपुर प्रमुख पर्यटकीय गन्तव्य भएको बताउनुभयो । उहाँले भन्नुभयो, "देशभरा २७ वटा पाँचतारे होटल छन्, त्यसमध्ये चितवनमा मात्र छवटा छन्, पर्यटनमा राम्रो सम्भावना भएकाले पनि पर्यटकीय पूर्वाधारमा लगानी पनि बढेको छ ।"

उहाँले भरतपुरमा रहेको पर्यटनको सम्भावनालाई पूर्ण रूपमा उपयोग गर्नका लागि 'कनेक्टिभिटी' महत्त्वपूर्ण भएको बताउनुभयो ।

"भरतपुर भूगोलका हिसाबले मध्यभागमा छ, यहाँस्थित चितवन राष्ट्रिय निकुञ्जमा मात्र पाँच सय ४६ भन्दा बढी प्रजातिका चराचुरुङ्गी छन्, थारूको संस्कृति, जङ्गल सफारी, बोट सफारी गर्दा अचम्मको शान्ति प्राप्त हुन्छ", उहाँले भन्नुभयो, "स्वास्थ्य र शिक्षाका हिसाबले पनि यो गन्तव्य बनेको छ ।"

पर्यटनविज्ञ डा विश्व सुवेदीले चितवनलाई पर्यावरणमैत्री पर्यटनको केन्द्रका रूपमा विकास गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले र लुम्बिनीलाई सांस्कृतिक पर्यटन, पोखरालाई पदयात्रा पर्यटन र चितवनलाई वाइल्ड लाइफ सफारी पर्यटनका रूपमा विकास गरी जोड्न आवश्यक भएको बताउनुभयो । यसका लागि पोखरा महानगर, लुम्बिनी सांस्कृतिक नगरपालिका र भरतपुर महानगरपालिकाबीच सहकार्य गर्न लागिएको पनि बताउनुभयो ।

साथै भरतपुर नगरपालिकाले यहाँ रहेका सातवटा ताललाई समेटेर लेकसाइड नयाँ सर्किट बनाउन लागेको उहाँको भनाइ छ । साथै भरतपुरको पर्यटकीय गतिविधि बढाउनका लागि सोहीअनुसारका गतिविधि पनि बढाउन लागेको बताउनुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# एक वर्षमा १५ हजार विदेशी पर्यटकले गरे मनास्लु भ्रमण

**पोखरापत्र संवाददाता**
गोरखा, १८ पुस



सन् २०२५ भरि १५ हजार विदेशी पर्यटकले मनास्लु क्षेत्रको अवलोकन भ्रमण गरेका छन् । बेमौसमी बाढीपहिरो, हिमपात र जेनजी आन्दोलनका बाबजुद पनि मनास्लु क्षेत्र भ्रमण गर्ने पर्यटकको सङ्ख्या वृद्धि भएको हो ।

त्यसअघि २०२४ मा मनास्लु क्षेत्र भ्रमण गर्ने विदेशी पर्यटकको सङ्ख्या १२ हजार ८०० थियो । मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)ले तयार गरेको अभिलेखअनुसार सन् २०२५ भरि १४ हजार ९८० जना पर्यटक गोरखाको मनास्लु क्षेत्र भित्रिएका छन् । चौध हजार ७३८ विदेशी, सार्क राष्ट्रबाट ३४४ र २४० जना स्वदेशी पर्यटक भित्रिएको मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)ले जनाएको छ ।

एमक्याप प्रमुख सन्तोष शेरचनका अनुसार मनासलु क्षेत्र प्रवेश गर्नका लागि १४ हजार ७२१ जनाले अनलाइनमार्फत अनुमति लिएका थिए । यस्तै, १७ जना पर्यटकले एमक्यापको जगत र सामागाउँस्थित चेकपोष्टबाट अनुमति लिएको उहाँले जानकारी दिनुभयो । सन् २०२५ मा पर्यटन भित्रिएबापत रु तीन करोड ८५ लाख ८६ हजार संरक्षण क्षेत्र प्रवेश शुल्क सङ्कलन भएको एमक्याप प्रमुख शेरचन बताउनुहुन्छ । जसमध्ये सार्क राष्ट्रका पर्यटकबाट तीन लाख ४४ हजार र नेपाली पर्यटकबाट रु ४८ हजार सङ्कलन भएको छ ।

मनास्लु क्षेत्र प्रवेशका लागि सार्क राष्ट्रका पर्यटकले प्रतिव्यक्ति रु एक हजार र अन्य राष्ट्रका पर्यटकले रु तीन हजार बुझाउनुपर्ने व्यवस्था रहेको उहाँको भनाइ छ । "पर्यटकले काठमाडौँको भृकुटीमण्डप र पोखराको ड्यामसाइटस्थित काउन्टरमा प्रवेश दस्तुर बुझाउनुपर्ने प्रावधान छ", उहाँले भन्नुभयो, "यी दुवै ठाउँमा प्रवेश दस्तुर शुल्क नबुझाएका पर्यटकले सो क्षेत्र प्रवेश गर्न एमक्यापको जगत र सामागाउँस्थित चेकपोष्टमा दोब्बर दस्तुर तिर्नुपर्ने प्रावधान छ ।" नेपाली पर्यटकको हकमा भने प्रतिव्यक्ति रु एक सय प्रवेश शुल्क तोकिएको उहाँ बताउनुहुन्छ ।

यसअघि विदेशी पर्यटकको मात्र विवरण सङ्कलन गर्ने गरेको एमक्यापले सन् २०२५ बाट भने नेपाली पर्यटकहरूको विवरणसमेत राख्न सुरु गरेको उहाँले जानकारी दिनुभयो ।

मनास्लु क्षेत्रमा बर्सेनि पर्यटकको सङ्ख्या बढिरहेको छ । एमक्याप प्रमुख सन्तोष शेरचन भन्नुहुन्छ, "स्रोतसाधनको प्रयोग गरेर पर्यटकको राम्रो व्यवस्थापन गर्ने होभने केही वर्षमा मनास्लु क्षेत्र नेपालकै चर्चित पर्यटकीय गन्तव्य बन्न सक्छ ।" मनासलुमा हरेक वर्ष उल्लेखनीय रूपमा पर्यटकको सङ्ख्या बढ्दै गएको उहाँको भनाइ छ ।

एमक्यापको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/८१ मा नौ हजार ७८२ जना, आव २०७९/८० मा सात हजार ७०५ र आव २०७८/७९ मा दुई हजार २८४ जना पर्यटकले मात्र पर्यटकले मनासलु क्षेत्र भ्रमण गरेका थिए । बर्सेनि पर्यटकको सङ्ख्यामा वृद्धि हुँदै जानु सुखद भएको एमक्याप प्रमुख शेरचनको भनाइ छ । सो क्षेत्र भ्रमण गर्ने पर्यटकको सङ्ज्ञख्या २०७७/७८ मा सबैभन्दा कम अर्थात् जम्मा एक सय ९४ जना, आव २०७६/७७ मा पाँच हजार ३३८ र आव २०७५/७६ मा सात हजार ६५५ जना रहेको थियो ।

# म्याग्दीमा एक सय पन्ध्र थान बन्दुक बरामद

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ पुस




यहाँ ठूलो सङ्ख्यामा अवैध हातहतियार बरामद गरिएको छ । जिल्ला प्रहरी कार्यालयले गत मङ्सिर १५ गतेदेखि अवैध भरुवा बन्दुक सङ्कलनका लागि सुरु गरेको 'अप्रेसन ब्राभो सेरा' अभियानबाट एक महिनाकै अवधिमा ११५ थान अवैध भरुवा बन्दुक बरामद गरेको हो ।

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचनको सुरक्षा तथा वन जङ्गलमा हुने चोरी-सिकारीलाई मध्यनजर गर्दै सञ्चालन गरिएको अवैध हातहतियार खोजी अभियानबाट अहिलेसम्मकै धेरै भरुवा बन्दुक नियन्त्रणमा लिन सफल भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले जानकारी दिनुभयो ।

उहाँका अनुसार सबैभन्दा धेरै रघुगङ्गा गाउँपालिका क्षेत्रबाट ४८ थान भरुवा बन्दुक बरामद भएको छ । अन्नपूर्ण गाउँपालिका क्षेत्रबाट १६, मालिका गाउँपालिका क्षेत्रबाट २०, मङ्गला गाउँपालिका क्षेत्रबाट १४, धवलागिरि गाउँपालिका क्षेत्रबाट छ र बेनी नगरपालिका क्षेत्रबाट ११ थान इजाजत पत्र नभएका भरुवा बन्दुक बरामद भएको छ ।

म्याग्दीमा समेत पर्ने ढोरपाटन सिकार आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र र विभिन्न सामुदायिक वनहरुमा चोरी-सिकारी बढेको तथा गाउँघरमा आपसी विवाद र झै-झगडामा समते भरुवा बन्दुकको दुरुपयोग हुने जोखिम बढेकाले इजाजत पत्र नलिईकन लुकाई-छिपाई राखिएका भरुवा बन्दुकलाई सङ्कलन गरी बरामद गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय र मातहतका एकाइबाट भएका गस्ती तथा स्थानीयवासीबाट प्राप्त सूचनाका आधारमा गोठ, जङ्गल, खोलाखोल्सा तथा बसोबास नभएका खाली घरमा लुकाएर राखेको अवस्थामा अवैध बन्दुक बरामद भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक सागर तिमिल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार बरामद भएका धेरैजसो भरुवा बन्दुक स्थानीय स्तरमै बनाइएको र चालु अवस्थामै रहेको भेटिएको छ । इजाजत पत्र नलिईकन भरुवा बन्दुक प्रयोग गरेमा पाँच वर्षसम्म कैद र रु ५० हजारसम्म जरिवाना हुने कानुनी व्यवस्था छ ।

# धवलागिरिको अस्पताल भवन : तीन पटक म्याद थप गर्दा आधा काम

**सन्तोष गौतम**
म्याग्दी, १७ पुस/रासस



तेस्रो पटक थपिएको समयअवधि पूरा हुन करिब छ महिना बाँकी रहँदा यहाँस्थित धवलागिरी गाउँपालिका-७ ताकममा निर्माणाधीन पालिकास्तरिय अस्पताल भवनको भौतिक प्रगति ६० प्रतिशत छ ।

तीन वर्षअघि सम्पन्न हुनुपर्ने पाँच शय्या क्षमताको अस्पताल भवन निर्माणको बाँकी छ महिनामा ४० प्रतिशत काम सम्पन्न गर्न चुनौति छ । गत साउन महिनादेखि रोकिएको भवन निर्माण मध्यहिँउदसम्म पनि सूचारु नभएको म्याग्दी उद्योग वाणिज्य सङ्घ अन्तर्गतको धवलागिरि बजार इकाईका सभापति तेजेन्द्र थापाले बताउनुभयो । भवन निर्माण पूरा नहुँदा म्याग्दीका अन्य स्थानीय तहको तुलनामा भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित धवलागिरिको ताकममा अस्पताल सञ्चालन गर्ने योजना कार्यान्वयनमा ढिलाइ भएको छ उहाँले गुनासो गर्नुभयो ।

भवन निर्माणका लागि विसं २०७८ वैशाखमा निर्माण कम्पनीले रु चार करोड ७९ लाख ४० हजार ३३४ मा धवलागिरि गाउँपालिकासँग ठेक्का सम्झौता गरेको थियो । सम्झौता अनुसार २०७९ असार १५ गतेभित्र भवन निर्माण सम्पन्न गर्ने लक्ष्य थियो ।

पाँच शय्या क्षमताको अस्पतालका लागि दुई तले १६ कोठे दुई तले भवन निर्माण गर्न लागिएको हो । आकस्मिक, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डारण, उपचारका लागि छुट्टाछुट्टै कक्षसहितको भूकम्प प्रतिरोधी क्षमताको अपाङ्गता मैत्री भवन बनाउन लागिएको हो ।

धवलागिरि गाउँपालिकाका पूर्वाधार शाखा प्रमुख लोकेन्द्र रावलका अनुसार हालसम्म ६० प्रतिशत भौतिक प्रगति भएको उक्त योजनाको तेस्रो पटक थप भएको म्याद आगामी असार महिनासम्म छ । मुख्य भवनको ढलान सकिए पनि फिनिसिङको काम सुरु भएको छैन् ।

धवलागिरि गाउँपालिका-७ का वडाध्यक्ष अशोक खत्रीले ताकम आधारभूत अस्पताल भवनका ठेकेदारलाई काममा फर्काउन ताकेता गरिएको बताउनुभयो । "आर्थिक वर्षको अन्तिमतिर आउने ठेकेदार अन्य समयमा सम्पर्कविहीन हुन्छन्," उहाँले भन्नुभयो "बैंक धरौटी जफत र कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाउने विषयमा कार्यपालिकामा छलफल चलाएका छौं ।" निर्माण कम्पनीका प्रतिनिधि दीपक अदैले बर्खायाममा ढुवानी र प्रतिकुल मौसमका कारण रोकिएको अस्पताल भवन निर्माण कार्यलाई केही दिनमै सूचारु गराउन मजदुर, निर्माण सामग्री ल्याएर आउने प्रतिबद्धता जनाउनुभयो ।

भवन निर्माणको सुरुवातमा स्थानीय समस्याले गर्दा ढिलाइ भए पनि सङ्घीय सरकारले पठाउने बजेट अनुसारको काम गर्दै आएको उहाँको भनाइ छ । सरकारले भुक्तानीको लागि बजेट उपलब्ध गराउन सके चालु आवमै भवन सम्पन्न गर्ने अदैले बताउनुभयो । विसं २०७७ पुष २२ गते तत्कालीन प्रतिनिधिसभा सदस्य भूपेन्द्रबहादुर थापाले भवन शिलन्यास गर्नुभएको थियो । सङ्घीय सरकारको सबै पालिकामा आधारभूत तहको अस्पताल सञ्चालन गर्ने योजना अनुसार ताकममा भवन निर्माण हुन लागेको हो ।

# एमाले गोरखाद्धारा चक्रे मिलनसहित पाँच जनाको नाम सिफारिस

**पोखरापत्र संवाददाता**
गोरखा, १८ पुस

नेपाल कम्युनिष्ट पार्टी (एमाले) गोरखाले आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनका लागि पाँच जनाको नाम उम्मेद्वारका लागि सिफारिस गरेको छ ।

जिल्ला कमिटीको आज बसेको बैठकमा गोरखाको दुईवटै निर्वाचन क्षेत्रका प्रस्तावित उम्मेद्वारका नाम प्रदेश कमिटीमा सिफारिस गरेको पार्टीका जिल्ला सचिव काजीराम रोकाले जानकारी दिनुभयो । एमाले गोरखा क्षेत्र नं १ बाट दुई जना र क्षेत्र नं २ बाट तीन जनाको नाम सिफारिस गरेको उहाँले बताउनुभयो । एमाले प्रतिनिधिसभा गोरखा क्षेत्र नं १ बाट आरसी लामिछाने र लीला न्यौपानेको नाम सिफारिस गरेको छ । त्यसैगरी प्रतिनिधिसभा गोरखा क्षेत्र नं २ का लागि एमालेले तीन जना नेताको नाम सिफारिस गरेको छ । सो क्षेत्रमा चक्रे मिलन भनेर चिनिने मिलन गुरुङ, बाबुराम थापा र शशिकला पोखरेलको नाम सिफारिस गरेको हो । पार्टीका पूर्वजिल्ला कमिटी सचिव बाबुराम थापा र महिला नेतृ शशिकला पोखरेललाई पनि सोही क्षेत्रबाट उम्मेद्वारका रूपमा सिफारिस गरिएको छ ।

बैठकले दुवै क्षेत्रमा समानुपातिक, जातीय, भौगोलिक लैङ्गिक सन्तुलन कायम गरी उम्मेद्वारको सिफारिस गरेको सचिव रोकाले बताउनुभयो ।

# प्याजको बिरुवा बेचेर एक लाख बढी आम्दानी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ पुस

धवलागिरि गाउँपालिका-७ ताकममा एक जना किसानले एक रोपनीभन्दा कम जमिनमा प्याजको बिरुवा उत्पादन गरेर दुई महिनामै रु एक लाखभन्दा बढी आम्दानी गर्नुभएको छ ।

ताकमको आचार्य कृषि फार्मका सञ्चालक पद्माकुमारी आचार्यले उत्पादन गरेको प्याजको बिरुवा धवलागिरि र मालिका गाउँपालिकाका साथै पोखरासम्म बिक्री भएको हो । गत कात्तिक दोस्रो साता छ किलोग्राम प्याजको बीउ जमाएकी आचार्यले पुस दोस्रो हप्तासम्म रु एक लाखको बिरुबा बिक्री भएको बताउनुभयो । "पहिलो चरणमा उत्पादन गरेको बिरुवा बिक्री हुने अन्तिम चरणमा छ, माघमा लगाउनका लागि बिरुवाको माग आएपछि थप बीउ जमाएको छु", उहाँले भन्नुभयो, "एक रोपनी क्षेत्रफल बारीमा उमारेको प्याजको बिरुवाबाट दुई महिनामै रु एक लाखको बिरुवा बिक्री भयो ।" रु २५ हजार लगानी गरेकी आचार्यले सबै बिरुवा बिक्री गरिसक्दा करिब रु एक लाख ५० हजार आम्दानी हुने अनुमान गर्नुभएको छ । आचार्यले पछिल्लो तीन वर्षयता प्याजको बिरुवा उत्पादन गर्दै आउनुभएको छ । उहाँको नर्सरीमा उत्पादन भएको प्याजको बिरुवा धवलागिरि गाउँपालिकाको गुर्जा, लुलाङ, मुना, मुदी, ताकम, धारापानी, मराङ, मल्कवाङ, मालिकाको देवीस्थान र बिमका साथै पोखरामा पनि बिक्री भएको छ । फोन गरेर माग गर्ने किसानले घरबाटै खातामा पैसा पठाइदिन्छन् ।

बिरुवालाई प्याक गरेर गाडीमा राखेर किसानलाई पठाउने गर्नुभएको छ । एक मुठा प्याजको बिरुवा रु एक सयका दरले बिक्री भएको छ । सानो बिरुवा दुई सय र ठूला बिरुवा एक सयभन्दा बढीको मुठा बनाउने गरिएको छ । हरियाली कृषि समूहका अध्यक्षसमेत रहनुभएकी आचार्यले सङ्गम म्याग्दीले आयोजना गरेको तालिममा सहभागी भएर प्याजको बिरुवा उत्पादनसम्बन्धी सीप हासिल गर्नुभएको थियो । यसअघि ताकम कौछिनीका भेषनाथ गौतमले करिब दुई दशकसम्म प्याजका बिरुवा उत्पादन गर्नुहुन्थ्यो । गौतमले बिरुवा उत्पादन गर्न छाडेपछि धवलागिरि क्षेत्रका किसानले करेसाबारीमा प्याजखेती गर्न समस्या भएको थियो । नर्सरी सञ्चालनका लागि प्राविधिक ज्ञान, सीप र उपयुक्त हावापानी हुने भूगोलमा जमिन आवश्यक पर्छ । आचार्यले बिरुवा उत्पादन गर्न थालेपछि धवलागिरि र छिमेकी गाउँपालिकाका बासिन्दाले करेसाबारीमा प्याजखेतीगर्नपाएकाछन् । घरायसी उपभोगका लागि बजारबाट प्याज खरिद गर्नुपर्ने अवस्था कम हुने अपेक्षा गरिएको धवलागिरि गाउँपालिका-७ ताकमका वडाध्यक्ष अशोक खत्रीले बताउनुभयो । समुद्री सतहदेखि करिब दुई हजार मिटर उचाइमा रहेको ताकमको हावापानी नर्सरी र बिरुवा उत्पादनका लागि अनुकूल मानिएको छ । चिसो हावापानीमा उत्पादन भएको बिरुवामा रोग, कीराको प्रतिरोधात्मक क्षमता र गुणस्तरीय हुने बताइएको छ ।

# छोरेपाटन मा.विको ४७ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस




पोखरा १७ स्थित छोरेपाटन माध्यमिक विद्यालयको ४७ औँ वार्षिकोत्सव तथा अभिभावक दिवस समारोह बिहीबार सम्पन्न भयो।

वार्षिकोत्सव उद्घाटन गर्दै पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले विद्यालयलाई समग्र पोखरा क्षेत्रकै गर्व लायक शैक्षिक संस्थाको संज्ञा दिर्दै त्यसको पुष्टी विद्यालय प्रति अभिभावकको विश्वास एवम् विद्यार्थी आकर्षणले दिएको बताए।प्रमुख आचार्यले पातले छागोका विषयमा विद्यालय र महानगर बीच भएको सहमति कार्यान्वयन हुने विश्वास दिलाउँदै उक्त सम्झौता विद्यालय हितमा भएको पनि स्पष्ट पारे।

वडाध्यक्ष राधिका शाही योगीले छोरेपाटन नमूना शैक्षिक संस्था रहेका उल्लेख गर्दै विद्यार्थी आकर्षण सबैभन्दा सबल पक्ष रहेको सुनाइन्।उनले महानगरको शिक्षा विनियम अनुसार नै छोरेपाटनमा विद्यालय व्यवस्थापन समिति गठन भएको स्पष्ट पार्दै विद्यालयले वेजुरु घटाउँदै जानुपर्ने धारणा राखिन् । पूर्व वडाध्यक्ष तीर्थराज अधिकारीले विद्यालय निर्माण गर्न एकमत भएर अगाडि बढ्नुको विकल्प नभएको उल्लेख गरे । विद्यालय अध्यक्ष सागर अधिकारीले सरोकारवाला सबैलाई समेटेर लैजाने विश्वास दिलाउँदै छिट्टै विद्यालय व्यवस्थापन समितिलाई पूर्णता दिइने उल्लेख गरे । प्रधानाध्यापक डिल्लीराम शर्माले विद्यालयले फड्को मार्दै गइरहेको औँल्याउँदै ४ वर्षमा गण्डकीकै तथा ९ वर्षमा देशकै उत्कृष्ट विद्यालय निर्माण गर्ने दीर्घकालिन योजनाका साथ हाल विद्यालय आगाडि बढिरहेको सुनाए ।

त्यस अवसरमा वडा सदस्य विक्रम गुरुङ, पूर्व सदस्य खेमराज आचार्य, भूपू विद्यार्थी मञ्चका अध्यक्ष सालिकराम भण्डारी, शिक्षक भोजराज बराल, विद्यार्थीहरु रचना ढकाल, सोहन कार्की लगायतले पनि भनाइ राखे । उनीहरुले छोरेपाटन गर्व लायक शैक्षिक संस्था रहेको सुनाउँदै सरोकारवाला सबैको सद् प्रयासबाट मात्रै त्यो सम्भव भएको उल्लेख गरे । विद्यालयका अध्यक्ष अधिकारीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सहायक प्रधानाध्यापक खेमराज बराललले स्वागत, शिक्षक अभिभावक संघ अध्यक्ष इन्द्रबहादुर खत्रीले धन्यवाद ज्ञापन एवम् सहायक प्रधानाध्यापक मेघनाथ पौडेलले कार्यक्रम संचालन गरे । कुल २ हजार एक सय ६ विद्यार्थी रहेको विद्यालयमा हाल एक सय १० जना शिक्षक कर्मचारी कार्यरत छन् । यसैबीच विद्यालयको वार्षिकोत्सवको अवसरमा जुनियर रेडक्रस सर्कलको आयोजनामा बिहीबारै भएको रक्तदान कार्यक्रममा कुल २९ प्रिन्ट रगत संकलन भएको छ । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा १७ उपशाखाको समन्वय तथा रक्तसञ्चार केन्द्र पोखराको प्राविधिक सहयोग रहयो । जुनियर रेडक्रस सर्कल अध्यक्ष सुवाश सुवेदीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा शिक्षक नायक युवराज सुवेदीले स्वागत तथा जुरेस उपाध्यक्ष सुभानी पौडेल तथा सचिव अनुष्का ढकालले कार्यक्रम संचालन गरे । विद्यालयले वार्षिकोत्सवको अवसरमा वि.स २०६४ सालदेखि वर्षैपिच्छे रक्तदान आयोजना गर्दै आइरहेको छ ।